# कक्षा कोठाको व्यवस्थापनमा असल शिक्षकको भूमिका



✍सिएम रिमाल

शिक्षण सिकाइ क्रियाकलापलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न किसिमको सिकाइ सहजीकरण प्रक्रिया आवश्यक हुन्छ । सही ढङ्गले कक्षाकोठा व्यवस्थापन भएको अवस्थामा मात्र सिकाइ सहजीकरण प्रकृयालाई पनि प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ ।

सिकारुको व्यक्तिगत भिन्नतालाई ख्याल गरी सोहीअनुरुप कक्षा क्रियाकलापमा सहभागी गराउने हो भने पककै पनि सोचेअनुरुम कक्षाकोठा व्यवस्था हुन्छ भन्ने कुरामा कुनै द्विविधा रहँदैन । स्वच्छ शैक्षिक प्रतिस्पर्धा गराई सिकाइप्रति उत्सुक बनाउन सक्नु चुनौति त छ तर यसको विकल्प भने छैन ।

शैक्षिक सामग्रीको निर्माण गर्दा होस् या छनौट गर्दा होस् वा सङ्कलन गर्दा विद्यार्थी स्वयमलाई नै क्रियाशिल बनाउन सकियो भने सिकाइ अभिवृद्धिमा थप टेवा पुग्दछ । सबै विद्यार्थी समान हुन् भन्ने सोच अभिवृद्धि गर्नु पर्छ । कसैलाई काखा कसैलाई पाखा गर्ने प्रवृति हटाई शिक्षक र विद्यार्थीबीचको समन्वयात्मक सम्बन्ध विकास गर्न निष्पक्ष ढङ्गले व्यवहार गर्नु अहिलेको टड्कारो आवश्यकता हो, जसले मलाई केही आउँदैन भन्ने सोचबाट विद्यार्थीहरु टाढा भाग्दछन् र सिकाइ क्रियाकलापमा सहजै सहभागी हुन्छन् ।

कक्षाकोठामा म मात्र जान्ने र बुझ्ने अनि मैले जतिको कसैले पढेको र जानेको छैन भन्ने सोच कदापि राख्नुहुँदैन यसले आफ्मो घमण्ड मात्र बढाउँदछ । हरेक सिकारुमा केही न केही जिज्ञासा हुन्छ भन्ने थाहा पाएर सिकारुको जिज्ञासालाई महत्व दिई समाधानतर्फ अगाडि बढ्दा शिक्षण सिकाइ अझै प्रभावकारी र फलदायी हुन्छ ।

भोलि म सिकारुलाई के सिकाउँदै छु, के बुझाउँदै छु भन्ने कुरामा पहिला नै आफू तयारी अवस्थामा बस्नु पर्छ अनि केही प्रश्न आउन सक्छन् कि भनेर त्यसको उत्तर पनि खोजिराख्नु पर्छ । बिना तयारी कक्षामा प्रवेश गरियो भने न उद्देश्य केन्द्रित कक्षा हुन्छ न त सिकाइ उपलब्धि नै हुन्छ । एकोहोरो भाषण मात्र हुन्छ र कक्षा बोरिङ हुन्छ त्यसैले पूर्ण रुपमा तयारीका साथ कक्षाकोठामा प्रवेश गर्नु पर्छ ।

कहिले कहिँ आफूमा केही कमीकमजोरी आउन सक्छन् त्यसलाई सहज तरिकाले लिनु पर्दछ । विद्यार्थीले पत्ता लगाई हालेमा त्यसलाई आत्मसाथ गर्दै सिकारुलाई प्रोत्साहित गर्नुपर्दछ । व्यक्तिगत भिन्नताको आधारमा शिक्षण कार्य अगाडि बढाउनु पर्दछ । कक्षामा विनम्र भाषा प्रयोग गर्दै आँखाको सम्पर्कमा ध्यान दिनुपर्छ ।

शिक्षण सिकाइ गराइरहेको बेलामा कतैबाट फोन आइहाले त्यसलाई वेवास्ता गरी, पछि खाली समयमा कल ब्याक गर्नुपर्छ सिकारुलाई ताकि शिक्षकले सिकाइभन्दा अरु कुरामा ध्यान दिई रहेको छ भन्ने भान नहोस् । त्यस्तै सिकारुलाई निर्बाध बोल्न दिनुहोस् नकि तपाईसँग नडरायोस् केही सोध्न । एकअर्काको भनाइलाई सम्मानजनक ढङ्गले प्रस्तुत गर्न दिनुपर्छ ताकि सबैको नयाँनयाँ सोच या विचार सबैलाई ज्ञात होस् ।

राम्रो काम गरेका सिकारुहरुलाई प्रशंसा गर्नुहोस् किनकि त्यसो गर्नाले शैक्षिक र व्यवहारिक कार्यसम्पादनमा सुधार आउने कुरामा ढुक्क छ । उनीहरुसँग बसेर खाजा वा खान खादै अनौपचारिक गफ गर्दा पनि उनीहरु नजिक हुन्छन् र कक्षागत समस्याहरु समाधान आफैँ हुन्छन् ।

तपाई असल तथा सक्षम शिक्षक बन्न चाहानुहुन्छ भने यी कुराहरुलाई मध्यनजर गर्नु नितान्त आवश्यक पर्छ :

१. कक्षाकोठामा भएका सबै विद्यार्थीलाई पहिचान गर्न, नाम, ठेगाना तथा पारिवारिक पृष्ठभूमि, आर्थिक हैसियत र विद्यार्थीका व्यक्तिगत समस्यासमेत थाहा पाउनु,

२. सबै विद्यार्थीलाई समान अवसर दिनु, जसलाई उत्तर थाहा पाएर पनि बोल्न नसक्ने हुन्छन् र शिक्षकले बोल्न सक्ने वातावरण सिर्जना गरी उनीहरुलाई सहयोग गर्नु,

३. कमजोर विद्यार्थीलाई उनीहरुका कमजोरी हटाउन र उनीहरुलाई बलियो बनाउन सहयोग गर्नु, कक्षाकोठामा मध्यम विद्यार्थीलाई आधार मानेर अध्यापन गर्नु,

४. विद्यार्थीसँग साथीजस्तै हुनु, विद्यार्थीको ठट्टा र चुट्किलामा हाँस्न सक्नु, स्नेहले व्यवहार गर्नु ताकि विद्यार्थीले विद्यालयमा पनि आफ्नै अभिभावकको अनुभूति गर्न सकून् ।

५. उत्तरपुस्तिका परीक्षण गर्दा कमजोरी मात्र भन्ने भन्दा पनि उत्तर कसरी सही हुन्छ भन्ने जानकारी दिनु, विद्यार्थीलाई हतोत्साही नबनाई अझै उत्साही र परिस्कृत हुन प्रेरित गर्नु,

६. विद्यार्थीलाई स्वतन्त्रता दिन रुचाउनु, दिनु, विद्यार्थीलाई आफ्नो दृष्टिकोण राख्न सहयोग गर्नु, दवावमा नराखी, प्रभावित पारेर सिकाउनु,

७. विद्यार्थीसँग खेल खेल्न, चिया तथा खाजा खान नहिच्किचाउनु, त्यसले शिक्षक-विद्यार्थीबीच सहकार्य बढाउनु, सहकार्यले विद्यार्थीलाई उत्तर दिने मात्र होइन, प्रश्न गर्न पनि सिकाउनु,

८. विद्यार्थीसँग कहिले साथी त कहिले अभिभावक, अध्यापक, दाजुभाइ तथा दिदीबहिनी जस्तै सम्बन्ध निभाउनु, जसले विद्यार्थीका व्यक्तिगत समस्या समाधानमा पनि हिस्सेदारी लिनु, विद्यार्थी र अभिभावकको आँखाका नानी बन्नु,

९. विद्यार्थीको मनोभावना बुझेर ऊ दुःखी छ भने उसलाई खुसी बनाउनु, उसको समस्या पहिचान गरेर समाधान गर्नु, विद्यार्थीको मनोविज्ञानको ख्याल गर्दा आत्मीय मात्रै नबढी पढाइप्रतिको अभिरुचि पनि बढ्नु,

१०. पढाइसँगै अतिरिक्त क्रियाकलापमा सघाउनु, विद्यार्थीको चाहना बुझेर सिकाउँदा विद्यार्थीको बहुमूखी प्रतिभा विकासमा सघाउ पनि पुग्नु,

११. पढाउने तथा सिकाउने कामलाई बोझ नठान्नु, त्यसमै रमाउनु र आफ्नो पेशालाई सम्मान गर्नु ।

१२. कुनै पनि व्यक्तिले सुनेको भन्दा देखेको कुरा छिटो लिन्छ । बच्चामा यो कुरा अझ बढी लागु हुन्छ । त्यसैले असल शिक्षकले 'तँ अनुशासनमा बस्' भन्ने निर्देशन मात्र दिँदैन । ऊ आफू अनुशासनमा बस्छ र विद्यार्थीलाई अनुशासनमा रहन सिकाउनु,

१३. शिक्षक भनेको किताब भित्रको ज्ञान मात्र दिने व्यक्ति होइन । असल शिक्षक समय अनुसार र विश्वका घटनाक्रमका बारेमा आफूलाई अपडेट राख्छ । जसले गर्दा उसले विद्यार्थीलाई बाहिरी दुनियाँसँग घुलमिल हुन, भिँड्न सिकाइरहनु,

१४. अल्बर्ट आइन्सटाइनले भनेका छन्, यदि तिमीले कुनै कुरा अरुलाई बुझाउन सकिरहेको छैनौ भने, त्यो कुरा तिमी आफूले नै राम्रोसँग बुझेका छैनौ । त्यसैले असल शिक्षकले आफूले सिकाउने कुरालाई पहिले आफूले राम्रोसँग अध्ययन र विश्लेषण गर्नु, बुझ्नु, सानो कुरा भएपनि उसले त्यसलाई गहिरिएर केलाउनु,

१५. असल शिक्षक जहिले पनि आफ्ना विद्यार्थीबाट आशावादी रहनु, विद्यार्थीलाई मार्गनिर्देशन गर्नु, उसमा उत्प्रेरणा जगाउन मद्दत गर्नु,

१६. विद्यार्थीहरुसँग दोहोरो संवाद गर्नु, । उसले विद्यार्थीलाई आफूले पढाइरहेको विषयवस्तुमा प्रत्यक्ष सहभागी गराउनु, उसले विद्यार्थीबाट पनि केही सिक्न सकिन्छ भन्ने मान्यता समेत राख्नु, यसको साथै असल शिक्षकले आफ्ना विद्यार्थीका अभिभावकसँग राम्रो सम्बन्ध राख्नु,

१७. आफूले सिकाउने विद्यार्थीहरुमा एकसँग अर्कोको तुलना गर्ने, कसैलाई प्रोत्साहन गर्ने र कसैलाई हतोत्साहित गर्ने नगर्नु, सबै विद्यार्थीलाई समान व्यवहार गर्नु, विद्यार्थीमा हुने फरक-फरक क्षमतालाई चिनेर विद्यार्थीलाई उसको क्षमतामा निखार ल्याउन मद्दत गर्नु ।

यी माथिका कुरालाई आत्मासाथ गर्ने हो भने पक्कै पनि कक्षाकोठाको व्यवस्थापन तथा एक असल शिक्षक हुन केही कुराले रोक्दैन जस्तो लाग्छ ।

*हेटौंडा*

# "मुकदर्शक"

लघुकथा



✍ श्याम श्रेष्ठ

उ रुँदै बेला बेला पछाडी फर्किंदै सरासर राजनीतिक दलको कार्यालयमा पुग्यो । यसरी रुँदै आत्तिएर एक मानिस आफ्नो कार्यालयमा आएको देखेर एक कार्यकर्ताले सोध्यो, "तपाईं किन यसरी आत्तिदै रुँदै आउनु भएको ? भन्नूहोस् के समस्या पर्‍यो ?"

उ रुँदै हतारिएर बोल्यो, "एउटा ठूलो समस्या आई पर्‍यो, म नेताको सहयोग चाहिएर भेट्न आएको ।"

कार्यकर्ताले भन्यो, "वहाँ त संघीय राजधानीमा हुनुहुन्छ । वहाँसँग तपाईं आफ्नो समस्या फोन गरेर भन्न सक्नु हुन्छ ।"

"हुन्छ, फोन लगाई दिनोस् न !"

"ल मैले फोन मिलाइदिएको छु । आफ्नो समस्या राख्नु होला ।"

उसले रुँदै भन्यो, "हेलो । नेताज्यू ! म तपाइँको शरणमा परेको छु, तपाईं गाउँ छिट्टै फर्किनु पर्‍यो ।"

"नेताहरु चुनाव नआइकन गाउँ फर्किंदैन भनेर तिमीलाई थाहा छैन ? म आउन भ्याउँदिन । मलाई बाधा नपुर्‍याउ !" मन्त्री कड्किएर बोलेको सुनियो ।

"होइन नेताज्यु ! मलाई यिनीहरुले मार्ने नै भै सके । तपाइँले चुनावमा जनताको बाँच्न पाउने अधिकार सुरक्षित गर्छु भन्नु भएको थियो त ।"

"होइन, कसले तिमीलाई मार्न लाग्यो ?"

"मलाई यो देशको कुशासन, महंगी, बेरोजगार, अभाव र रोगले मार्छु भनी लखेट्दैछ । लौन बचाइ दिनुहोस !"

*हेटौंडा-६, चौघडा*

# अर्धांगिनीको पीडा



✍दिपिका लम्साल

ए हजुर
कता जानु भयो
खै केही खबर नै आएन
हजुरले दिइएका चौबन्दी चोली
फाटेर गइसक्यो खै त नयाँ आएन

धेरै भयो कुरेर बसेको जवानी नै गै सक्यो
त्यो मेरा मिठा-मिठा सपना केवल सम्झना मात्र रह्यो ।
हो एक्लै घाँस काट्न जाँदा सँगीको जोडी देख्दा
मन चर्किंदै आयो आँखाबाट तप्तपी आँसु झरी रहयो

प्रदेशको सहरमा कहीँ कतै फस्नु पो भयो कि ?
कि त्यो लालि र पोते अरुलाई नै किनिदिनु भयो कि ?

ए हजुर कता हराको
के हजुरलाई मेरो याद आउँदैन र
यसो एक पटक सम्पर्कमा आइदिन मिल्छ कि

कि फोन गर्ने मेसो पाउनु भएन
त्यो त मलाई थाहा भएन
"हो त्यो त मलाई थाहा भएन"

*कक्षा-८, धौलागिरि*
*बालजागृति इङ्गलिस सेकेन्डरी बोर्डिङ स्कूल*

# आमा



✍संस्कृति घिताल

तिम्रो सम्झनामा च्वास्स मुटु दुख्यो आमा
रूँदा रूँदै यी आँखाका सबै आँसु सुके आमा

कति दुःख भयो होला नौ महिना राख्दा कोखमा
आजसम्म खुसी पाइनौ घाम पानी तिर्खा भोकमा

नखाएर घुर्कीलाउँदा के भो भनी फकाउँथ्यौ
के के खान्छ्यौ मेरो छोरी भनी मिठो पकाउँथ्यौ

को खाई को खाई भनी खुवाउँदै तोते बोल्यौ
ताते गरी हिडाउँदै दुःख पीर सबै भुल्यौ

पीर नगर मेरी आमा कोसिस गर्छु सफल हुन
सम्मान र इज्जतका साथ नाम कमाई हिमाल छुन ।

*कक्षा-१२, हेटौंडामा स्कुल अफ म्यानेजमेन्ट*

# मुक्तक



✍विविसा रुम्बा

१
कति दुःख वेदनाहरू थुप्रिएको छ मनभित्र
दुनियाँले देख्छन् त केवल मुस्कुराएको चित्र
मलाई मात्र थाहा छ कुन हालमा बाँचिरहेछु,
सायदै कोही छैन होला म जस्तो अभागी मित्र ।

२
मायाको अर्थ के हो भन्ने धोका पाएपछि थाहा भो
मन जल्दै आँखा रसाउँदै आँशु आएपछि थाहा भो
आँखा चिम्लेर साँचो मनले प्रेम गर्नु पाप पो रहेछ,
जुन कुरा विश्वास गरेकैबाट घात खाएपछि थाहा भो ।

३
बेरोजगार भई जीवन सड्दै छ आज किन होला ?
मन भित्रभित्रै पीडाहरु गढ्दै छ आज किन होला ?
सफलताको प्रतिस्पर्धामा नउत्रिएकको पनि होइन,
तर जीवन विफलतातिर लड्दै छ आज किन होला ?

*मकवानपुर*

# गाउँखाने कथा

१. आकारमा सार्है सानो, परिश्रमी जात, काम गरी कहिल्यै नथाक्ने दिन होस् या रात ।
●कमिला

२. नौरङ्गी शरीर यसको बास हिमालयमा, राष्ट्रियताको गित गाउँछ यसले नेपालमा ।
●सातबार

३. एउटा सानो कोठामा धेरै मान्छे बस्छन्, एक-एक गर्दै आगोमा डढेर मर्छन ।
●सलाईको बट्टा

४. जतातते देखिन्छ, जहाँ हामी जान्छौं खेतिपाती गर्न पनि यस्कै भर पर्छौं ।
●माटो

५. एकभाइ डाँडावारि, अर्कोचाहिँ पारि, सारा संसार देखाउँछन् खुशियाली छरी ।
● आँखा

# माया



✍अनिषा राना

मेरो जस्तै जिम्मेवारी तिम्रा काँधमा होला
अधुरो सपनाहरु तिम्रो साथमा होला
आमा बुबालाई खुसी पर्ने तिम्रो पनि रहर होला
तिमी बस्ने एउटा छुट्टै सहर होला

पछि सोचौँला हाम्रो बारे
सुरुमा तिमी धन कमाउनु
तिम्रो नि छुट्टै दुनियाँ छ
एउटा सानो घर बनाउनु

उभिनु आफ्नो खुट्टामा
शीरमा आफ्नो मूल सजाउनु
अनि गुरुँला नि बिहे धुमधामले
मायाको गीत र धुन बजाउने

अनि सँगै हुन्छौं हामी
धेरै मिहिनेत गर्नु पर्छ
भोलि-पर्सी ज्ञानी, ठूलो मान्छे हुन्छु की
छोरा-छोरीसँग छाती फुलाएर जिउनु पर्छ ।

*कक्षा-११*
*सोलिड्यारिटी इन्टरनेशन इंग्लिस स्कूल*

# जन्म-मृत्यु



✍अजय बर्तौला

जन्मनै मृत्युको अन्तर्य कसैलाई छैन अहिले स्वीकार्य
जन्मेपछि मरिन्छ भनेर स्वीकार गर्ने मानिस गर्दैछन् कुकार्य
देहत्याग जन्मपछि सुनिश्चित नै छ जित्न सकिँदैन
अन्तिम विश्रामपछि मानिस अर्को आयाममा जान्छु भन्ने मानिन्छ ।

जन्मेपछि मरिन्छ, के नै लानु छ र यहाँबाट
घृणा, हेला गर्छौं हामी देहसानपछि कसले बोकिदेला खट
जन्मिसकेँ म, एकदिन अवश्यनै मर्छु अमर कोहि छैन
जन्मँदा मुट्ठीबाट मरणपछि खुला नै हुने हो छैन र ॥

जन्मिन्छन् मानिस अन्तिम विश्रामका लागि
मरण आईसक्छ मानवको पैसाको पछि भागी ।
जन्म भयो देह त्याग निश्चित नै छ, जन्मदेखि
स्वर्गवास हुने दिन आउँदैछ देहवसानको समय लेखी ॥

दशैं नजिक घरमा गाईने दाइले गाए एउटा गीत
जन्मने निर्वस्त्र मरेपछि बल्ने निर्वस्त्र कस्को र हित ।
जन्मेपछि मर्ने नै हो अजम्वरी बुटी छ र को नै सीत
मान्न छोडे मानिसले मर्छ मान्छे भन्ने सत्य तितो ॥

जन्मने कारक हो देह त्यागको सबैले भन्दछन्
जन्मेपछि मृत्युको उल्टो गन्ती उनीहरु गन्दछन् ।
देहवसानको बाटो जन्मपछि जताततै छ नजिकै
नजन्मे त मरिँदैन थियो जस्तो लाग्छ मलाई कति सजिलै ॥

*जीएस निकेतन मावि*

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# आमा



**सरोजप्रसाद साह**

तुफानी हावा, जब जब चले, तब तब आमा, ओत भैँ बने ।
औंला समाती, जब चल्न थालें, चराको भाती, जब उड्न थालें ।
जब जब सास, विराम लिन थाले, तब हुन्छ वर्षात, नयनबाट आमा ।

आमा मेरी आमा, आमा मेरी आमा



आशाको दियो, जलाई राख, ईश्वरको ढोका, म बनिदिन्छु ।
मन्दिरलाई यस्तै, सजाई राख, आँगनमा फूल, म रोपिदिन्छु ।
काखमा मलाई, समाई राख, संकट सारा, म पिइदिन्छु ।
नरोऊ आमा, विश्वास राख, दुनिया सारा, म जीतिदिन्छु ॥

वर्षामा न्यानो, छत हो आमा, चिसोको जूनेली, रातमा आमा ।
तुलसीको जस्तै, पवित्रमा आमा, आकाश-वायु, धर्तीमा आमा ।

आमा मेरी आमा, आमा मेरी आमा .........



कहाँ कहाँको-कता कताको, डुबेको सपना, लत्रेको सपना
पुरा हुँदै छ, मादल बजाउ, भावुक नहोऊ उत्सव मनाऊ ।
पिसिएका सपना, मिचिएका सपना, आमाको सपना, आमाको सपना
जीवनको पहिलो, मेरो गुरुआमा, आमा मेरी आमा, आमा मेरी आमा ।

आशाको दियो, जलाई राख, ईश्वरको ढोका, म बनिदिन्छु ।
मन्दिरलाई यस्तै, सजाई राख, आँगनमा फूल, म रोपिदिन्छु ।
काखमा मलाई, समाई राख, संकट सारा, म पिइदिन्छु ।
नरोऊ आमा, विश्वास राख, दुनिया सारा, म जीतिदिन्छु ।



गर्मी र पतझर, सर्दीमा आमा, जीवनको आदि, र गतिमा आमा ।
आमा मेरी आमा, आमा मेरी आमा
संसार घुँमे, पर्वतमा चढेँ ।
यज्ञ, तपस्या र, ध्यानमा बसेँ ।
मखमल र रेसमको, विस्तरमा खोजेँ ।
होटलको खाना र, खाजामा खोजेँ ।
तिम्रो काँखको जस्तो, शान्ति पाइनँ !!!
तिम्रो हातको स्वाद, र तृप्ति पाइनँ !!!
यो जीवनको पुस्तककी, छिन् पाना पाना !!!



# हराएका सपनाहरू



**अनुषा उप्रेती**

बढ्दो उमेरसँगै
बढ्दै गएका ती जिम्मेवारीहरु
रित्तो खल्ती तर पनि ती खल्तीहरुमा
अटाइ नसक्नु सपनाहरु

सायद ती खल्तीहरुमा
टम्म भएर होला
कता कता सपनाहरु
पोखिएको भैँ लाग्छ
बटुल्न नखोजिएको
पनि होइनन् सपनाहरु
तर जिन्दगीले सिकायो
ठूलो सपना होइन
परिस्थिति भनेर

आफैँलाई आफैँबाट
दिक्क लाग्न थालिसक्यो
आर्थिक अभाव भन्दा पनि
परिस्थितिले सताइरह्यो
जीवनबाट हारेर म
एक्लोपन महसुस गर्दैछु
आफ्नै चरित्रलाई पन्छाएर
भाग्यकर्तालाई दोषी ठानिरहेछु

आखिर दिलोज्यानै गरे पनि
खुसी सन्तोषले मलाई हेर्न चाहेन
मेरो कमजोरी माथी
हरेक वस्तुले गिज्याएभैँ
किन अनुभूति हुँदैछ मलाई ?

वर्तमानमा रमाउने म
आज भविष्यको
राँपले पोलिरहँदा
बाटो विराएको यात्रीभैँ
अलपत्र छु
जिन्दगीको सुमधुर यात्रामा
कहिले म हराउँछु त
कहिले मेरा सपनाहरु
यस्तो लाग्छ जिन्दगी
नमज्जाको कथा बनिसक्यो
र म त्यस कथाको
एक त्रसित पात्र

हिजो प्रश्नहरु
निकै मन पराउने म
आज जिन्दगी नै
प्रश्न बनिरहँदा
किन चुपचाप छु
बादलका भित्ताहरुमा
स्वतन्त्रताको सुन्दर
तस्विर कोर्ने म
आज त्यही आफ्नै
तरिस्वरहरुबाट
किन अन्जान छु ?

हिजो, एक्लै नै
आएकी थिएँ म
अब, एक्लै नै त जानेछु
बस्, यो अन्तरालमा
खुला पन्छीभैँ
हर्षपूर्वक बाँच्ने
अनन्त आशा छ

*कक्षा-९, नवोदय शिशु सदन*

# दशैं आयो



**अनुष्मा रिमाल**

दशैँ आयो
मामाघर जाने
चिचीपापा खाने
माइजूसँग दक्षिणा लिई
मिठो मिठो खाने

दसैँ आयो पानी पऱ्यो
भिजिभिजी दशैँ मनाउने
आमाबुबासँग दक्षिणा लिने
खुत्रुक्केमा हाल्ने
चाहिने बेलामा
किताबकापी किन्ने

*कक्षा-२, नवोदय शिशु सदन*

# केके आयो के के



**विहङ्गम सुबेदी**

देशमा प्रजातन्त्र आयो
तर जनताले शान्ति पाएनन्
देशमा बहुदल आयो
तर जनताले हक अधिकार पाएनन्

देशमा गणतन्त्र आयो
तर शासन आएन
आयो त केवल ती भ्रष्ट र निरङ्कुशवादीको
जातीवाद र पार्टीवादका नामका हिंसाहरू

देशमा संविधान आयी
तर कञ्चनपुरको घाउलाई मलम आएन
नेपाल आमाको आखाँमा आयो
तर आँसु पुस्ने सन्तति आएनन्

वैदेशीक ऋण आयो
तर विदेशिएका युवा आएनन्
भारतीय नेता नेपाल आए
तर लिपुलेक फिर्ता आएन,

प्रधानमन्त्रीले बहुमतको साथ पाए
तर लालबादुर प्रति कसैको हात आएन
काठमाडौँले मुख फेरी खान पायो
तर हुम्लाले चामल पाएन,
जनकपुरमा रेल आयो
घर जुम्ला जाने बाटो आएन

*कक्षा १२, हेटौडा स्कुल अफ म्यानेजमेन्ट*

# आमा



**दिपेश रानाभाट**

हामीलाई जन्म दिने हुर्काउने आमा
भेट्ने छैन मैले कहिल्यै यो जिवनमा
आमा हामीलाई माया र प्रेम गर्थिन्
कहिले आउला स्कुलबाट भन्दै बाटो कुर्थिन

हाम्रो राम्रो उन्नतिले आमा खुशी हुन्छिन्
गलत काम गरेमा सजाय नि भोग्छिन्
आमाकै कारणले पाउँछन् आमाको न्यानो काख

*कक्षा-११*
*सोलिड्यारिटी इन्टरनेशन इंग्लिस स्कूल*

# सातको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: जिम्मेवारी र दायित्व बढ्ने समय योग छ । घरायसी काममा आजको दिन बित्ला । मानसिक संवेग र दुर्बलताले शरीर कमजोर होला । विवादस्पद काममा जुट्नु पर्ला । व्यापार–व्यवसाय मध्यमकारक छ । धार्मिक र सामाजिक काममा सरिक भइने समय छ । दाम्पत्य सम्बन्धमा तालमेलको कमी होला । अध्ययन–अध्यापनमा कमी आउला ।

**वृष राशि**: पराक्रम बढ्ने र प्रतिष्ठित बढ्ने समय छ । सामाजिक र परोपकारी काममा आकर्षण बढ्ने छ । सहयोगी र मित्रवर्गको साथ सहयोग प्राप्त होला । हिम्मत र साहसले काममा पूर्णता प्राप्त । आत्मविश्वासले सफलता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहला । पुराना समस्याले सताउने छ । अध्ययन–अध्यापन ठिकै रहला ।

**मिथुन राशि**: आश मारेको धन फिर्ता होला । आर्थिक हैसियत वृद्धि गर्न भौतिक सम्मृद्धि बढाउने समय छ । यात्रा योग र भेटघाटमा समय व्यतित होला । मीठो भोजन प्राप्ति । पारिवारीक आनन्द प्राप्ति होला । जागिरेका लागी नयाँ जिम्मेवारी प्राप्त होला । परोपकार र पुण्यकार्यमा सरिक भइने छ । पढाइ–लेखाइ मध्यमकारक छ ।

**कर्कट राशि**: नयाँ अवसरले प्रतिक्षा गर्ला । चुनौति हटाएर काममा पूर्णता होला । परिश्रम र संघर्षले आफ्नो प्रतिष्ठा कायम राख्न सकिने छ । संवाद र कुराकानी महत्वपूर्ण होला । कामबाट लाभ प्राप्त होला । सहशील बन्नाले शत्रु पराजित होलान् । व्यापार–व्यवसाय मध्यमफलदायी होला । पढाइ–लेखाइ मध्यमकारक रहने समयको योग छ ।

**सिंह राशि**: आर्थिक पक्ष बोधक बन्न सक्छ । महत्वकांक्षा त्यागी अगाडी बढ्दा राम्रो । संघर्ष र चुनौति भेल्ने समय छ । व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । कुविचार, भ्रम, चिन्ता र शङ्का बढ्न सक्छ । साना कुराहरुमा अल्मलिनु राम्रो होइन । स्वास्थ्यमा समस्या आउला । सुख सुविधा बढ्न सक्छ । पढाइ–लेखाइ भने ठिकै छ ।

**कन्या राशि**: लगानी बढाउन सकिने भएपनि लाभ प्राप्त नहोला । प्रयास गर्दा आम्दानी बढ्ला । उठ्नु पर्ने रकम हात लाग्ला । कामधन्दाबाट सन्तुष्टि मिल्ला । आयस्रोत बढ्नाले इच्छाएको क्षेत्रमा खर्च बढ्ला । व्यापार–व्यवसाय कृषि पशुबाट लाभ प्राप्त । भौतिक साधनमा वृद्धि होला । परिवारको आवश्यकताको पूर्ति हुने समय योग छ ।

**तुला राशि**: प्राप्त अवसरहरुको उपयोग गर्ने समय छ । ठूलाबडाको सहयोग लिन सकिने छ । भूमि, वाहन र यैत्रिक सम्पत्तिबाट लाभ मिल्ने छ । पठन–पाठनका काममा ध्यान केन्द्रित नहुन सक्छ । व्यापार–व्यवसायका कामहरु मध्यमफलदायी हुन्छन् । स्वास्थ्यमा धन र मन केन्द्रित रहन सक्छ । आफ्नो काम गर्ने कमै होलान् । अरुको काममा व्यस्त भइने छ । मन विचलित र शारीरिक स्वास्थ्यमा कमी आउला ।

**वृश्चिक राशि**: समय मिश्रित रहेको छ । यात्रा योग र भेटघाटमा समय व्यतित रहने समय छ । आफन्तहरु बिराना जस्ता बन्लान् । अरुको जति भलो गरे पनि तपाईको कुभलो गर्न कमी हुने छैन । कृषि–पशु व्यापार–व्यवसाय मध्यम फलदायी रहेको देखिन्छ । धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।


**धनु राशि**: शरीरमा थकान र उत्साहमा कमी आउला । आफू भन्दा आफन्तका काममा लागि परिएला । नयाँ कामका लागी कानुनी कुरामा ख्याल गर्दा राम्रो । गोपनियता बाहिरिने भएकाले प्रशासनिक समस्या होला । आगो र हातहतियारजन्य वस्तुबाट बच्दा राम्रो । लेनदेनमा विश्वास आइपर्ला । सहयोगी र अरुको भरपर्दा काममा बाधा । धार्मिक तथा सामाजिक काममा लागी परिएला ।

**मकर राशि**: व्यक्तित्व विकास हुनेछ । बाल निर्णयको क्षमतामा वृद्धि होला । र मणीय स्थानमा घुम्न गइने समयको योग छ । कार्यक्षेत्रमा लगनशील भएर लागी परिएला । व्यापार–व्यवसायका क्षेत्रमा कामबाट लाभ प्राप्त हुनेछ । पढाइ–लेखाइका क्षेत्रमा समय व्यतित होला । धार्मिक तथा सामाजिक अनि राजनैतिक क्षेत्रमा समय व्यतित होला ।

**कुम्भ राशि**: समय मध्यमकारक देखिन्छ । धार्मिक तिर्थस्थलहरुको भ्रमण हुनेछ । आलस्य बढ्ने समय योग छ । पठनपाठनमा जाँगर चल्दैन । सामाजिक काममा धेरै समय बित्ने छ ।मानसिक तनाव र स्वास्थ्यसम्बन्धी समस्या योग छ । आर्थिक संकट र गर्न खोजेका कामहरु अधुरै रहने समय छ ।


**मीन राशि**: समय ठिकै छ । आम्दानी बढ्ने समय छ । नयाँ नयाँ बाटाहरु बन्नेछन् । साथीभाइ र आफन्तको सहयोग मिल्ने समय छ । सञ्चित धनको नास हुनेछ । आफन्तमा वैरभाव बढ्ला । अध्ययन–अध्यापन कार्य सफल रहने छ । साँझेदारी काममा बाधा पर्नेछ । तिर्थस्थलको भ्रमण होला । सामाजिक क्षेत्रबाट सम्मान होला ।

# चित्रकला




सुरज ब्लोन,
कक्षा-९, निर्मल मावि

# मुक्तक



**भोजराज सञ्जेल**

कहिलेकाहीँ भेटौंन त भन्दा लाज लाग्छ रे उसलाई
बिपनीमा नआए नि सपानामा आउ भन्दा लाज लाग्छ रे उसलाई
उसलाई फोनमा कुरा गर्न पाए भोक निद्रै लाग्दैन रे भन्छिन्
गरौंन त बिहे भन्दा लाज लाग्छ रे उसलाई

तिमी किन छौ यत्तिका राम्रो तिमीलाई हेर्न मन लाग्छ
तिम्रो सबै दुःखमा खुशीको किरण छर्न मन लाग्छ
बाँच्न त कुन्नी मेरो जीवनको आयु कति छ
तर माया तिमीसँगै बाँच्न अनि मर्न मन लाग्छ

*बकैया गाउँपालिका*

# "सामाजिक रुपान्तरणमा सङ्गमले महत्वपूर्ण भूमिका खेलेको छ"

साहित्य सङ्गम मकवानपुर जिल्लाकै अग्रणी साहित्यिक संस्था हो । २०४४ सालमा स्थापना भएको सङ्गमको १६ औं अधिवेशन आगामी भदौ महिनामा हुँदैछ । यतिबेला सङ्गमले सदस्यता नवीकरण र नयाँ सदस्यता आव्हान गरेको छ । साहित्यमार्फत समाजलाई निरन्तर खबरदारी र सचेतनाको कार्य गर्दै आएको सङ्गमको वर्तमान कार्यसमितिको समीक्षा र आगामी दिनमा संगमले गर्नुपर्ने कामका विषयमा सङ्गमका सचिव डीबी बर्तौलासँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीः



**डीबी बर्तौला, सचिव**
**साहित्य सङ्गम मकवानपुर**

*समाजः तपाईहरुको समितिको कार्यकालमा साहित्य सङ्गम मकवानपुरले के-के काम गऱ्यो ?*

**बर्तौला**ः साहित्य सङ्गम मकवानपुरको यो १५औं अधिवेशनमा आइसकेपछि हामीले नियमित सन्ध्यालाई अगाडि बढाउँदै आएका छौं । विभिन्न साहित्यिक कृति विमोचन गर्नेदेखि लिएर विमर्श गर्ने काम गर्दै आएका छौं । साहित्य सङ्गम मकवानपुरको इतिहासमै पहिलो पटक हामीले साहित्य महोत्सवको आयोजना गर्‍यौं । त्यो सँगसँगै हामीले नयाँ पुस्तालाई पनि समेटेर लैजाने गरेका छौं ।

*समाजः साहित्य सङ्गम मकवानपुरको अग्रणी संस्था हो ? यो संस्थाको स्थापनाकालदेखि महत्वपूर्ण काम देखाउनु पऱ्यो भने के-के उल्लेख गर्नुहुन्छ ?*

**बर्तौला**ः साहित्य संगम मकवानपुर २०४४ सालमा स्थापना भएको हो । २०५१ सालमा विधिवत रुपमा दर्ता भएको हो । त्यसपछि नियमित रुपमा हरेक महिनाको एउटा शनिबार सन्ध्या विशेष कार्यक्रम हुँदै आएको छ । यो एउटा लेख्नेहरुका लागि महत्वपूर्ण कार्यक्रम हो । लेख्नेहरुका लागि मञ्च उपलब्ध गर्ने विकास भएको छ । त्यो कार्य चाहिँ साहित्य सङ्गम मकवानपुरले दिलाएको हो । नयाँ र पुराना पुस्ताका लागि यो एउटा पाठशालाको रुपमा रहेको छ । यस संस्थाको आफ्नै भवन भएकोले पनि नियमित कार्यक्रम गर्न सकेका छौं । समाजमा छरिएर रहेका व्यक्तिको साहित्यिक कृतिलाई पनि हामीले अगाडि ल्याएर प्रस्तुत गर्ने व्यवस्था गरेको छ । यसरी नै साहित्यलाई निरन्तरता दिनुपर्छ भनेर हामीले मञ्चको व्यवस्थापन गर्दै आएका छौं ।

*समाजः समुदायले साहित्यिक संस्थाहरुलाई कसरी स्वीकार गरेको देख्नुहुन्छ ?*

**बर्तौला**ः साहित्यिक क्षेत्रमा नलागेको, नपढेको मानिसहरुका लागि त्यति महत्वपूर्ण होइन कि जस्तो व्यवहारले हेरेको देख्छु भने कम्तिमा लेखेका कुरालाई मञ्चमा प्रस्तुत गर्दा नयाँ पुस्तालाई चेतनाको विकास भएको छ । त्यसैले लेखकहरुले नयाँ पुस्ता, किशोरास्थामा कुलतमा फस्नबाट रोक्ने, अहिलेको प्रवृत्ति अनावश्यक क्षेत्रमा लागेको छ । उनीहरुलाई पनि अब सिर्जनाको बाटोतर्फ ल्याउनुपर्छ । पुराना पुस्ताले समाजले विकृत्ति, बिसङ्गतिहरुले खुलेआम प्रस्तुती दिन पाउँदा उनीहरुलाई आत्मबल मिलेको जस्तो लाग्छ भने सामाजिक रुपान्तरणमा पनि साहित्य सङ्गम मकवापुरले महत्वपूर्ण भूमिका खेलेको छ ।

*समाजः नयाँ आउने पुस्ताका लागि सङ्गममा आवद्ध हुनुपर्छ ?*

**बर्तौला**ः साहित्य सङ्गम मकवानपुरले लामो समयदेखि नियमित रुपमा कार्यक्रमहरु गर्दै आएको छ । तुलनात्मक रुपमा यो संस्थामा पुराना पुस्ता र नयाँ पुस्ताको एउटा परिवारजस्तो आवद्ध हुन पाएका छन् ।

*समाजः नयाँ पुस्ताले पनि यस संस्थामा आबद्ध भएर हासिल गर्ने लाभ के छ ?*

**बर्तौला**ः नयाँ पुस्ताले यो नै लाभ पाउँछ भन्ने छैन । तर उहाँहरुलाई हामीले मञ्च प्रदान गर्ने गर्छौं ।

*समाजः तपाईहरुको कार्यकाल सकिँदै छ । अब नयाँ बन्ने समितिले के-के कुरा ध्यान दिनु पर्छ जस्तो लाग्छ ?*

**बर्तौला**ः साहित्य सङ्गम मकवानपुरको समाजसँग राम्रो सम्बन्ध छ । साहित्य सङ्गम मकवानपुरलाई आलोचना गर्नेहरु पनि धेरै नै छन् । हामीले थालनी गरेको र गर्न बाँकी थुप्रै विषयहरु छन् । कसरी काम गर्छ भन्ने नयाँ समितिको हो । अबको समितिलाई गाह्रो नहोस् भनेर हामीले अक्षय कोषको बनाएका छौं । अक्षयकोष निर्माण गर्ने कुरा र हामीले सञ्चालन गर्दै आएको पुस्तकालय अझै व्यवस्थित बनाउने काम नै प्रमुख हो जस्तो लाग्छ ।

# सुन चोर्ने र किन्ने दुबै पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले सुन चोरी गर्ने र चोरीको सुन किन्ने दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा हेटौंडा–६, चुच्चेखोलाका ३४ वर्षीय दिनेश नेपाली र हेटौंडा–२ स्थित पूर्ण शाक्य एण्ड सन्स सुनचाँदी पसलका प्रतीक शाक्य रहेका छन्।

साउन १० गते बिहान हेटौंडा–१७ स्थित चुनडाँडाका ३२ वर्षीया प्रमिला कार्कीको घरको ढोका फोरेर सुन, चाँदी, मोबाइल र फलामको खुकुरी चोरी भएको थियो। कार्कीले हेटौंडा–६, चुच्चेखोलाका दिनेश नेपालीमाथि शंका लागेर १० गतै नै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा निवेदन दिएकी थिइन्।

प्रहरीले नेपालीलाई खोजी गर्ने क्रममा ११ गते बिहान उनको घरमा पुग्दा २८ हजार रुपैयाँ, मोबाइल एक थान र खुकुरी फेला पारेको थियो। नेपालीले कार्कीको घरबाट उक्त गरगहना चोरेर सुनचाँदी पसलमा लगेर बेचेको भनी प्रहरीलाई बताएका थिए। प्रहरीले नेपालीलाई पक्राउ गरेर सुनचाँदी पसलमा गई अनुसन्धान गर्दा पसलका प्रतीक शाक्यलाई उक्त गरगहना बेचिएको पुष्टि भएको प्रहरीले जानकारी दिएको छ।

पक्राउ परेका दुई जनामाथि चोरी मुद्दामा प्रहरीले अनुसन्धान गरिरहेको छ। घटनामा अन्य व्यक्तिहरु पनि संलग्न भएको हुनसक्ने अनुमान प्रहरीको छ।

# खुश्बु बेकरी उद्योगलाई २ लाख ५० हजार जरिवाना

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१९, बस्तीपुरमा सञ्चालनमा रहेको खुश्बु बेकरी उद्योगलाई २ लाख ५० हजार जरिवाना गरिएको छ। बिहीबार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरको नेतृत्वमा भएको अनुगमनको क्रममा बेकरीमा विभिन्न त्रुटी देखिएपछि जरिवाना गरी शिल नै गरिएको कार्यालयका निमित्त प्रमुख उद्योग अधिकृत टीका शर्माले जानकारी दिनुभयो।

उद्योगबाट उतपादित वस्तुको तौल कम रहेको, मिति फरक रहेको भन्दै कारवाही गरिएको हो। यस्तै, उत्पादित वस्तुको बिक्री गरेको बिल जारी नगरेको, फोहोर व्यवस्थापन नभएको, अनुज्ञापत्र नवीकरण नभएको र अन्य वस्तुको समेत कारोबार गर्ने गरेको पाइएपछि उद्योग कारवाहीमा परेको हो।

अनुगमन समितिले अन्य पसल, फर्महरुलाई समेत जरिवाना गरेको छ। बस्तीपुरकै सन्तोष किराना पसललाई १० हजार जरिवाना गरेको छ। अनुगमनको क्रममा पसलमा मूल्यसूची, साइन बोर्ड, खरिद तथा बिक्री बिल नभएको र म्याद नाघेको सामान भेटिएपछि जारिवाना गरिएको शर्माले बताउनुभयो।

बस्तीपुरमै बिनादर्ता सञ्चालन गरेको एक फार्मलाई अनुगमन टोलीले जरिवाना गरेको छ। टोलीले दोंजे सिङ्तानले सञ्चालन गरेको फार्मलाई १० हजार रुपैयाँ जरिवाना गरी फार्म दर्ता गर्न आदेश दिएको छ। यस्तै, न्यू पराजुली स्टोर्सलाई पनि अनुगमन टोलीले १० हजार रुपैयाँ जरिवाना गरेको छ। स्टोर्सबाट म्याद सकिएको सामान, फोहोर गरेको र खरिद बिक्रीको बिल नभएको भन्दै कारबाही गरेको हो।

अनुगमन टोलीले बस्तीपुरमा सञ्चालनमा रहेको १९ वटा उद्योग व्यवसाय अनुगमन गरेकोमा ४ वटालाई कारबाही गरेको हो। अनुगमन टोलीले निरन्तररुपमा निरीक्षण गर्दै आइरहेको छ। आगामी दिनमा उच्चरुपमा अनुगमन गर्दै जाने प्रमुख शर्माले बताउनुभयो।

# शिवशिखरका अध्यक्षसँग हेटौंडामा पनि वयान

समाज संवाददाता

हेटौंडाः सदस्यको रकम हिनामिना गरेको अभियोगमा प्रहरीको नियन्त्रणमा रहेका शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष केदारनाथ शर्मालाई प्रहरीले हेटौंडामा वयान लिएको छ। बुधबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा वयान लिएर शर्मालाई जिल्ला प्रहरी कार्यालय चितवन पठाइएको प्रहरीले जनाएको छ।

प्रहरी केन्द्रीय अनुसन्धान व्युरोको नियन्त्रणमा रहेका शर्मालाई मंगलबार बयानका लागि हेटौंडा ल्याइएको थियो। शर्मासँग बुधबार बयान लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो। प्रवक्ता कार्कीका अनुसार बयानका क्रममा अध्यक्ष शर्माले सहकारीको धेरै शाखाहरु विस्तार भएपछि व्यवस्थापनमा कमजोरी भएर समस्या भएको बताएको प्रहरीले जनाएको छ। शर्माविरुद्ध करिब २ महिनाअगाडि सहकारी ठगीविरुद्ध मुद्दा दर्ता भएको उहाँले बताउनुभयो।

शर्माविरुद्ध विभिन्न जिल्लामा मुद्दा परेकाले मुद्दा दायर भएको जिल्लामा पुऱ्याएर वयान लिइएको प्रवक्ता कार्कीले जानारी दिनुभएको छ। शर्माविरुद्ध एक दर्जनभन्दा बढी ठाउँमा मुद्दा दर्ता भएको छ। ५ महिनाअघि हेटौंडा-२, पारिजातपथस्थित शिवशिखर सहकारीको शाखा कार्यालयमा ताला लगाएर सञ्चालक फरार भएका थिए।

# मोटरसाइकल ठोक्किँदा एक जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका–१० स्थित छुमखेलमा दुईवटा मोटरसाइकल आपसमा ठोक्किँदा एक जना घाइते भएका छन्। शुक्रबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा चित्लाङबाट बज्रबाराहीतर्फ जाँदै गरेको बा ८१ प ८६६७ र विपरित दिशाबाट काठमाडौंतर्फ आउँदै गरेको बा ६६ प ५६७५ नम्बरको मोटरमाइकल आपसमा ठोक्किएको हो।

मोटरसाइकल आपसमा ठोक्किँदा बा ८१ प ८६६७ नम्बरको मोटरसाइकल चालक थाहा–९, चित्लाङका ३७ वर्षीय विनोद लामिछाने घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो। घटनास्थलमा इलाका प्रहरी कार्यालय चित्लाङबाट प्रहरी वरिष्ठ नायव निरीक्षक दीपेन्द्रराज गिरीको कमाण्डमा टोली खटेर घाइते लामिछानेलाई उपचारको लागि काठमाडौंस्थित स्टार अस्पताल पुऱ्याएको छ। घाइते लामिछानेको बायाँ खुट्टा र हातमा चोट लागेको र स्वास्थ्य अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

# सिमेन्ट र रडको मूल्य घट्ने आँकलन



समाज संवाददाता

हेटौंडाः वर्षा मौसमसँगै सिमेन्टको मूल्य घटेको छ। आर्थिक मन्दिसँगै निर्माणसम्बन्धी कार्यमा कमि आएसँगै सिमेन्टको मूल्य घटेको व्यवसायीको भनाइ छ। आगामी दिनमा पनि सिमेन्टको मूल्य घट्न सक्ने व्यवसायीहरु बताउँछन्।

हेटौंडामा सर्वोत्तम सिमेन्टको ओपीसी प्रतिबोरा ६ सय १० रुपैयाँ र पीपीसी प्रतिबोरा ५ सय ३० रुपैयाँ रहेको छ। शिवम् सिमेन्टको प्रतिबोरा ६ सय २५ रहेको छ। रिद्धिसिद्धि सिमेन्टको ओपीसी प्रतिबोरा ६ सय २५ रुपैयाँ र पीपीसी प्रतिबोरा ५ सय २५ रुपैयाँ रहेको छ। हिउँद मौसममा सिमेन्ट पीपीसी प्रतिबोरा ५ सय ५० र ओपीसी प्रतिबोरा ६ सय ५० रुपैयाँमा बिक्री हुँदै आएको थियो। रड प्रतिकेजी १ सय रुपैयाँ रहेको छ। गत हिउँदमा रड प्रतिकेजी १ सय ३० रुपैयाँसम्म पुगेको थियो।

हेटौंडा-२, कान्तिराजपथका व्यवसायी नवीन भट्टराईका अनुसार अहिले व्यापारमा कमि आइरहेको छ। कोभिड-१९ को महामारीयता व्यापारमा निरन्तर गिरावट आएको व्यवसायीले गुनासो गरेका छन्। मन्दिकै कारण व्यापार ठप्प रहेको र कतिपय व्यवसायी व्यवसाय नै बन्द गरेको उहाँले बताउनुभयो।

# अवैध सुर्ती फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१५ स्थित रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध सुर्ती फेला पारेको छ। बिहीबार विशेष सूचनाको आधारमा वीरगञ्जबाट काठमाडौं जाँदै गरेका प्र ३–०३–००१ ख ०१२३ नम्बर र ना ५ ख २६९४ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसबाट सुर्ती फेला पारेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। प्रहरीले बसको डिक्कीबाट ११ वटा बोरामा २ सय ४० किलोग्राम सुर्ती फेला पारेको थियो। अवैध सुर्ती नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जनाएको छ।

# भारतको उत्तराखण्डको पहिरोमा परी दर्जन नेपाली बेपत्ता

जुम्लाः भारतको केदारनाथ गौरीकुण्डमा गएको पहिरोमा परी दर्जन नेपाली बेपत्ता भएका छन्। पहिरोले उनीहरु बसेको होटल नै बगाउँदा बेपत्ता भएका हुन्। बेपत्ता हुनेहरुमा जुम्ला पातारासी गाउँपालिकाका धेरै छन्। गौरीकुण्डमा रहेका तीनवटा होटल पहिरोले बगाएको थियो।

'केदारनाथमा रहेका आफन्तसँग बुझ्दा हालसम्म ११ जना बेपत्ता रहेको प्रारम्भिक जानकारी प्राप्त भयो,' पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह बोहोराले भने, 'विस्तृत जानकारीका लागि सम्पर्क भइरहेको छ। नाम ठेगाना यकिन भइसकेको छैन। सबै विवरण प्राप्त भए पनि बेपत्ता हुनेहरुको नाम सार्वजनिक गर्ने तयारी गाउँपालिकाले गरिरहेको छ।' उनीहरु व्यापारका सिलसिलामा केदारनाथ पुगेका थिए।

अहिलेसम्म पातारासी-२ र ३ का गरी ११ जनाको पहिचान भएको उपाध्यक्ष जुनमाया रोकायाले बताइन्। बेपत्ताको पहिचान खुलेको छैन। पहिरोले होटल बगाएको भारतीय मिडिया हिलवाणीले जनाएको छ। बेपत्ता हुने थप सात जना पनि नेपाली रहेको खबरमा उल्लेख छ। प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले पातारासीका अध्यक्ष, उपाध्यक्षबाटै आफूलाई जानकारी प्राप्त भएकोले घटनाबारे गृह मन्त्रालयमा समेत जानकारी पठाइसकेको बताए।

दिल्लीस्थित नेपाली दूतावासबाट प्राप्त जानकारीअनुसार १६ जना नेपाली र ३ भारतीय गौरीकुण्डबाट केदारनाथ जाने बाटोको बीचमा बिहीबार राति ११:३० बजे पहिरोमा परी हराएको सूचना प्राप्त भएको हालसम्म ३ जनाको शव भेटिएको तर पहिचान हुन नसकेको जुम्लाकी सांसद कान्तिका सेजुवालले बताएकी छन्।

स्रोतः इकान्तिपुर।


## मकवानपुर क्रिकेट संघको
## वार्षिक साधारणसभा तथा अधिवेशनको सूचना

यस मकवानपुर क्रिकेट संघको आठौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन तपसील बमोजिम आयोजना गरिएको हुादा सम्पूर्ण साधारणस सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक आमन्त्रण गरिन्छ।

**तपसील**
मितिः २०८०/०४/२७
समयः बिहान ९ बजेदेखि
स्थानः होटल क्विक-२०, हेटौंडा-४, हुप्रचौर

**मकवानपुर क्रिकेट संघ**



## बीमा पोलिसी हराएको सुचना

हेटौंडा–१३, पदमपोखरी निवासी ईश्वरी थापाको LIC शाखामा रहेको जीवन बीमा लेख (पोलिसी नं. २५०८१७९०३) मिति २०८० साल श्रावण १० गतेका दिन घरबाट LIC अफिस आउने क्रममा हराएको हुँदा कहिकतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ।

**सम्पर्कः ९८४५२९४८६३**



## स्वादिष्ट नेवारी खाजा




अब होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
() नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ